Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY ESTD: 2057
RAJAT JAYANTI 2082
कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक
# युगआह्वान
yugnews.com
निष्पक्षता, निर्भिकता, निरन्तरता...
वर्ष: २५ | अंक: ३२१ | वि.सं. २०८२ फागुन २९ शुक्रवार | नेपाल संवत: ११४५, चैत्र कृष्णपक्ष दशमी | Friday 13 March 2026 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-

## इनिशा विक मृत्यु प्रकरण

# अनुसन्धानमा खटियो सिआईबी

**घटना घटेको ६ दिनसम्म पनि वास्तविक तथ्य बाहिर नल्याएको भन्दै परिवारले इनिशाको शव बुझ्न मानेका छैनन् । सामुहिक बलत्कारपछि हत्या भएको घटनामा मृत्युको कारण रक्तश्राप देखाएर दोषिलाई उम्काउन खोजिएको उनीहरुको आरोप छ । घटना घटेको लामो समयसम्म पनि प्रहरीले विश्वस्त हुने आधार नदिएको भन्दै पीडित परिवारले आन्दोलनसमेत थालेका छन् ।**

**◣ओम शाही**
**सुर्खेत, २८ फागुन ।**

सुर्खेतमा इनिशा विक हत्या प्रकरणमा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआईबी) ले अनुसन्धान थालेको छ । २३ फागुनमा वीरेन्द्रनगर नगरपालिका-१, कि १६ वर्षीय इनिशाको रहस्यमय तबरबाट मृत्यु भएको थियो । वीरेन्द्रनगर-४, स्थित जनजागरण सामुदायिक वनमा अचेत अवस्थामा फेला परेकी इनिशालाई सोही दिन कर्णाली प्रदेश अस्पतालले मृत घोषणा गरेको थियो ।




वीरेन्द्रनगर-६, स्थित एक निजी विद्यालयमा कक्षा ११ मा अध्ययनरत इनिशा त्यसदिन प्रयोगात्मक कक्षा लिन भन्दै घरबाट निस्किएकी थिइन । जंगलमा अचेत अवस्थामा भेटिएकी इनिशाको पोष्टमार्टम रिपोर्टमा अत्याधिक रक्तश्राप रहेको उल्लेख छ ।

प्रहरीले घटनास्थलबाट एक १६ वर्षिय बालकलाई नियन्त्रणमा लिएर अनुसन्धान थालेका थियो । अनुसन्धानका क्रममा पक्राउ परेका ति बालकले इनिशासँग शारीरिक सम्बन्ध राखेपछि रक्तश्राप भएको र उनी बेहोस भएको बयान दिएका छन् । प्रहरीले थप तीन जना बालकलाई नियन्त्रणमा लिएर अनुसन्धान जारी राखेको छ ।

घटनास्थलबाट पक्राउ परेका बालकले अचनाक इनिशा बेहोस भएपछि अन्य तीन जना साथीहरुलाई बोलाएको बयान दिएपनि पीडित परिवारले भने चारै जनाको सामुहिक बलत्कारपछि हत्या भएको भन्दै कानुन बमोजिम कारवाहीको माग गरेर शव बुझ्न मानेका छैनन् ।

पीडित परिवारले २५ फागुनमा पक्राउ परेका चारै जनाविरुद्ध कर्तव्य ज्यान र जबर्जस्ती करणीसम्बन्धी किटानी जाहेरी दर्ता गराएका थिए । परिवारको जाहेरीपछि भेरी अस्पताल बाँकेका फेरेन्सिक विशेषज्ञ डाक्टर अर्विन शाक्यको टोलीले प्रदेश अस्पताल पुगेर इनिशाको शव परीक्षण गरेको थियो । उक्त परीक्षणबाट जबरजस्ती करणीका क्रममा संवेदनशील अंगमा गम्भीर चोट लागेर अत्यधिक रक्तस्राव भई उनको मृत्यु भएको उल्लेख छ ।

घटना घटेको ६ दिनसम्म पनि वास्तविक तथ्य बाहिर नल्याएको भन्दै परिवारले इनिशाको शव बुझ्न मानेका छैनन् । सामुहिक बलत्कारपछि हत्या भएको घटनामा मृत्युको कारण रक्तश्राप देखाएर दोषिलाई उम्काउन खोजिएको उनीहरुको आरोप छ । घटना घटेको लामो समयसम्म पनि प्रहरीले विश्वस्त हुने आधार नदिएको भन्दै पीडित परिवारले आन्दोलनसमेत थालेका छन् । मृतक इनिशाकी आमा तिलाले घटनाको निष्पक्ष छानविन गरि दोषिमाथि हदैसम्मको कारवाही हुनु पर्ने माग गरिरहेकी छन् ।

उनको शव कर्णाली प्रदेश अस्पतालको शव गृहमा अलपत्र छ । इनिशाको सामुहिक बलत्कारपछि हत्या भएको भन्दै नागरिक समाज र अधिकारकर्मीले न्यायको आवाज उठाएपछि दबाबमा परेको सुर्खेत प्रहरीले सिआईबीको सहयोग लिएको हो । इनिशाको न्यायका लागि संघीय राजधानी काठमाडौंमा समेत अधिकारकर्मीहरुले विरोध जनाएका छन् ।

जिल्ला प्रहरी कार्यालय सुर्खेतले घटनाको प्रारम्भिक अनुसन्धान सक्काएको छ । अब सिआईबीले घटनाका सबुत प्रमाणका आधारमा अनुसन्धानका थप पाटाहरु केलाउने छ । सिआईबीले इनिशाको पोष्टमार्टम रिपोर्ट लगायतका सबुत प्रमाणहरु लिइसकेको बताइएको छ ।

प्रहरी निरीक्षकको कमाण्डमा सिआईबीको विज्ञ टोली बिहिबार वीरेन्द्रनगर आएर अनुसन्धान थालेको जिल्ला प्रहरी कर्यालय सुर्खेतका प्रमुख प्रहरी उपरीक्षक एसपी सुधिरराज शाहीले बताए । 'पोस्टमार्टम रिपोर्ट आइसकेको छ । फेरेन्सिक ल्याबमा पीडित र पीडक परिवार दुवैजनाको मोबाइल लगायत विद्युतिय सामाग्रीहरु अनुसन्धानका लागि पठाएका छौं,' उनले भने, 'केन्द्रीय विधिविज्ञान प्रयोगशालामा टकसिकोजिकल, बायोसेरोलोजिकल परिक्षणका लागि पठाएका छौं । त्यो रिर्पोट आउनसाथ हामी इनिशाको हत्याको अन्तिम निकर्षमा पुग्छौं ।'

शाहीका अनुसार जिल्ला प्रहरी कार्यालय सुर्खेतमा विज्ञ टोली गठनसँगै कर्णाली प्रदेश प्रहरी कार्यालय नेपालगञ्जबाट

▶▶ बाँकी २ पेजमा

### प्रहरीसँग बालकको बयान

घटनास्थलबाट पक्राउ परेका १६ वर्षीय बालकले इनिशासँग शारीरिक सम्बन्ध राखेको र बेहोस भएपछि आत्तिएर तीन जना साथीहरूलाई फोन गरेको बयान दिएका छन् । ती बालकले प्रहरीसँगको बयानमा भनेका छन्, *'२३ गते शनिबार बिहान ७ बजे इनिशा र म सल्लाह गरेरै वीरेन्द्रनगरमा रहेको शहीद पार्कनजिकै जंगलमा गयौँ ।*

*इनिशाका लागि काँटा, चुरालगायत विभिन्न गिफ्ट ल्याएको थिएँ । इनिशा र मैले दुई वर्षयता शारीरिक सम्पर्क राख्दै आएका थियौँ । त्यो दिन पनि धेरै बेरको गफगाफपछि दुवैको सहमतिमा तयार भयौँ । सम्पर्क राखिसकेपछि इनिशाको यौनांगबाट अत्यधिक रगत बग्यो । अनि इनिशा बोल्न छोडिन् । म एकदमै आत्तिएँ । यताउता सारेँ, हातखुट्टा चलाएँ ।*

*८ बजेर २५ मिनेटमा मैले मिल्ने साथीहरूलाई फोन गरेर आफ्नो समस्या राखेँ तर उनीहरूले आउन इन्कार गरे । पटकपटक फोन गरेपछि तीन जना साथी आए । इनिशा नबोलेपछि साथीहरू जंगलनजिक रहेको गाउँमा स्थानीयलाई खबर गर्न गए । गाउँले आइपुगेपछि प्रहरीलाई करिब ९ बजेर ४५ मिनेटमा खबर गरे । प्रहरी आएर अस्पताल पुऱ्याउँदा १० बजिसकेको थियो ।'*

## जमुनाह नाका मानव बेचबिखनको जोखिममा

# एक वर्षमै पन्ध्र सय अठतिस महिला तथा बालबालिकाको उद्धार

**◣सरला सुवेदी**
**बाँके, २८ फाल्गुन ।**

नेपाल-भारत सीमामा पर्ने बाँकेको जमुनाह नाका मानव बेचबिखनको उच्च जोखिमयुक्त क्षेत्रका रूपमा देखिएको छ । पछिल्लो समय जोखिमपूर्ण यात्रामा भारततर्फ जाने महिलाहरूको संख्या बढ्दै गएपछि यो नाका अत्यन्तै संवेदनशील बन्दै गएको सरोकारवाला निकायहरूले बताएका छन् । सीमा नाकामा निगरानी बढाइए पनि मानव बेचबिखनको प्रयास भने अझै रोकिएको छैन ।



नेपालगन्जस्थित नेपाल-भारत सीमा नाका जमुनाहबाट हरेक वर्ष ठूलो संख्यामा महिला तथा बालिकाहरूको उद्धार हुँदै आएको छ । विभिन्न प्रलोभन, रोजगारीको झुटो आश्वासन, विवाहको बहाना वा अन्य कारण देखाएर भारततर्फ लैजान खोजिएका महिला तथा बालबालिकालाई विभिन्न संघसंस्थाको समन्वयमा रोक्ने र उद्धार गर्ने काम भइरहेको छ । यद्यपि सबैलाई रोक्न सम्भव नभएकाले केही महिला तथा बालबालिका भने भारत प्रवेश गर्न सफल हुने गरेको सम्बन्धित निकायले जनाएको छ ।

मानव बेचबिखनको जोखिम न्यूनीकरणका लागि लामो समयदेखि सक्रिय रूपमा काम गर्दै आएको संस्था माइती नेपाल नेपालगन्ज शाखाका अनुसार जमुनाह नाका मानव बेचबिखनको दृष्टिले अत्यन्त संवेदनशील नाकामध्ये एक हो । माइती नेपाल नेपालगन्जका संयोजक केशव कोइरालाका अनुसार हरेक वर्ष ठूलो संख्यामा जोखिममा परेका महिला तथा बालबालिकाको उद्धार गरिए पनि यस्तो प्रयास पूर्ण रूपमा रोकिएको छैन ।

कोइरालाका अनुसार पछिल्लो एक वर्षको अवधिमा मात्रै जमुनाह नाकाबाट मानव बेचबिखनको जोखिममा रहेका एक हजार ५३८ जना महिला तथा बालबालिकालाई उद्धार गरेर फिर्ता पठाइएको छ । भारततर्फ लैजान खोजिएका ती महिला तथा बालबालिकालाई सीमामा निगरानी गर्ने टोलीले शंका लागेपछि सोधपुछ गरी सुरक्षित रूपमा उद्धार गरेको हो ।

उद्धार गरिएका एक हजार ५३८ जनामध्ये ३३५ जना बाँके जिल्लाका महिला तथा बालबालिका रहेका छन् । बाँकेका विभिन्न स्थानीय तहबाट जोखिमपूर्ण अवस्थामा भारततर्फ जान लागेका उनीहरूलाई सीमा नाकाबाट फिर्ता ल्याइएको माइती नेपालले जनाएको छ ।

संस्थाका अनुसार उद्धार गरिएकामध्ये सबैभन्दा धेरै कोहलपुर नगरपालिकाका ८० जना महिला तथा बालबालिका रहेका छन् । त्यसपछि बैजनाथ गाउँपालिकाका ६८ जना, नेपालगन्ज उपमहानगरपालिकाका ५६ जना, खजुरा गाउँपालिकाका ४७ जना, राप्तीसोनारी गाउँपालिकाका ४५ जना, जानकी गाउँपालिकाका २० जना, नरैनापुर गाउँपालिकाका १० जना र डुडुवा गाउँपालिकाका ९ जना महिला तथा बालबालिकालाई जमुनाह नाकाबाट उद्धार गरिएको थियो ।

मानव बेचबिखनको जोखिमसँगै हराएका महिला तथा बालबालिकाको संख्या पनि उल्लेख्य रहेको तथ्यांकले देखाएको छ । माइती नेपाल नेपालगन्ज शाखाका अनुसार सोही अवधिमा हराएका महिला तथा बालबालिकाको खोजतलास तथा उद्धारका लागि ८३३ वटा निवेदन परेका थिए । तीमध्ये हालसम्म ४३७ जना मात्रै फेला परेका छन् भने अन्यको खोजी कार्य अझै जारी रहेको बताइएको छ ।

हराएका व्यक्तिहरूमध्ये बाँके जिल्लाका मात्रै ११९ जना रहेकोमा तीमध्ये ११४ जना फेला परेको संस्थाले जनाएको छ । बाँकी व्यक्तिहरूको खोजीका लागि सम्बन्धित निकाय र परिवारसँग समन्वय गरेर प्रयास भइरहेको बताइएको छ ।

संयोजक कोइरालाले पछिल्लो समय मानव बेचबिखनका तरिका र माध्यममा परिवर्तन हुँदै गएको बताए । उनका अनुसार पहिले जस्तो प्रत्यक्ष रूपमा फकाएर लैजाने मात्र नभई अहिले सामाजिक सञ्जाल, इन्टरनेट र आधुनिक प्रविधिको प्रयोग गरेर पनि युवती तथा महिलाहरूलाई प्रलोभनमा पार्ने प्रयास भइरहेको छ ।

"सामाजिक सञ्जालमार्फत चिनजान गराउने, विदेशमा राम्रो रोजगारी दिलाइदिने, विवाह गराइदिने वा घुमाउन लैजाने जस्ता बहानामा महिला तथा बालबालिकालाई सीमासम्म ल्याउने प्रवृत्ति बढ्दै गएको छ," उनले भने ।

उनका अनुसार विशेषगरी भारतीय सीमासँग जोडिएका पश्चिम नेपालका बाँके र बर्दिया जिल्ला मानव बेचबिखनको उच्च जोखिममा रहेका क्षेत्र हुन् । खुला सीमा, आर्थिक अभाव, बेरोजगारी, शिक्षा र चेतनाको कमी जस्ता कारणले यी क्षेत्रका महिला तथा बालबालिका सजिलै प्रलोभनमा पर्ने सम्भावना बढी रहने गरेको उनले बताए ।






## सम्पादकीय....

# न्याय नमरोस् !

केही दिनयता एउटा दर्दनाक घटनाले सबैको मन पोलेको छ। कक्षा ११ मा अध्ययनरत बालिकाको मृत्यु भएको घटनाले सबैको ध्यान तानेको छ। सुर्खेतको वीरेन्द्रनगर नगरपालिका-१, कि १६ वर्षीया इनिशा विकको रहस्मय तवरबाट मृत्युको भएको घटनाले सर्वत्र चासो बढाएको छ । यो अमानवीय घटना केवल एउटा आपराधिक घटना मात्र होइन, यसले हाम्रो समाज, सुरक्षा प्रणाली र न्याय प्रक्रियामाथि गम्भीर प्रश्न उठाएको छ । विद्यालय जान भन्दै घरबाट निस्किएकी एक किशोरी केही घण्टामै जंगलमा अचेत अवस्थामा फेला पर्नु र अस्पताल पुग्दा मृत घोषणा हुनु अत्यन्त पीडादायी र संवेदनशील विषय हो । यसले प्रत्येक अभिभावकको मनमा भय, आक्रोश र असुरक्षाको भावना पैदा गरेको छ। घटनास्थलको अवस्था, पीडितको शरीरमा देखिएका चोटपटक, कपडाको अवस्था तथा प्रारम्भिक अनुसन्धानका संकेतहरूले यो घटना साधारण होइन भन्ने स्पष्ट देखिन्छ।

प्रहरीको प्रारम्भिक अनुसन्धानले बलात्कारपछि अत्यधिक रक्तस्रावका कारण मृत्यु भएको देखाए पनि घटनाका विभिन्न पक्ष अझै स्पष्ट हुन बाँकी छन्। विशेष गरी भ्याजाइनल स्वाब रिपोर्ट र अन्य वैज्ञानिक प्रमाणहरू सार्वजनिक भएपछि मात्र वास्तविकता पूर्ण रूपमा बाहिर आउने अपेक्षा गरिएको छ । यद्यपि, पीडित परिवारले उठाएका शंका र प्रश्नहरूलाई पनि गम्भीरतापूर्वक लिनु आवश्यक छ । यसमा महत्वपूर्ण विषय नागरिकहरु राज्यका न्याय निरुपण गर्ने निकायबाट किन आवश्वस्त छैनन् भन्ने हो । समाजमा न्यायप्रतिको विश्वास त्यतिबेला मात्र कायम रहन्छ, जब अनुसन्धान पारदर्शी, निष्पक्ष र तथ्यमा आधारित हुन्छ । यदि अनुसन्धानप्रति सानो मात्र पनि अविश्वास पैदा भयो भने त्यसले न्याय प्रणालीप्रतिको जनविश्वास कमजोर बनाउँछ । यस घटनाले अर्को महत्वपूर्ण प्रश्न पनि उठाएको छ– हाम्रो समाजमा किशोरीहरूको सुरक्षा कत्तिको सुनिश्चित छ ? विद्यालय जाने उमेरका बालबालिका सुरक्षित वातावरणमा हिँडडुल गर्न नसक्ने अवस्था हुनु अत्यन्त चिन्ताजनक हो । परिवार, विद्यालय, समुदाय र राज्य सबैले मिलेर किशोरीहरूको सुरक्षा सुनिश्चित गर्ने दायित्व बोक्नुपर्छ ।

प्रहरीले घटनाको सूक्ष्म अनुसन्धान भइरहेको बताएको छ। तर अनुसन्धान छिटो, पारदर्शी र विश्वसनीय ढंगले टुंगोमा पुग्नु अत्यन्त आवश्यक छ । दोषी जोसुकै भए पनि कानुनको दायरामा ल्याएर कडा कारबाही गर्नु नै पीडित परिवारलाई न्याय दिलाउने पहिलो शर्त हो । इनिशा विकको मृत्यु केवल एक परिवारको पीडा होइन; यो सम्पूर्ण समाजको घाउ हो। यस्तो घटनाले हाम्रो सामाजिक चेतना, कानुनी व्यवस्था र सुरक्षा प्रणालीलाई पुनः समीक्षा गर्न बाध्य बनाउँछ। अब आवश्यकता छ–न्यायको सुनिश्चितता, पीडित परिवारप्रति संवेदनशीलता र भविष्यमा यस्ता घटना दोहोरिन नदिने ठोस कदमको। इनिसाको आत्माले शान्ति पाउने एकमात्र बाटो सत्यको प्रर्दाफास र दोषीमाथि कानुन बमोजिम कठोर सजाय नै हो । यसर्थ राज्यका निकायबाट न्याय ढिलो हुन सक्छ, तर अन्याय हुन दिनु हुँदैन ।

## अर्थतन्त्रलाई रेमिटेन्सको भरथेग:

# सात महिनामा भित्रियो १२ खर्ब ६१ अर्ब १ करोड

✍ दिलीप पौडेल




स्वदेशमा रोजगारी सिर्जना नहुँदा युवाले विदेश गएर पठाएको रेमिटेन्सले मुलुकको अर्थतन्त्रलाई भरथेग गरेको छ। नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको तथ्यांकअनुसार चालु आर्थिक वर्ष (आव) को माघसम्म विप्रेषण आप्रवाह ३९.८ प्रतिशतले वृद्धि भई १२ खर्ब ६१ अर्ब १ करोड रुपैयाँ पुगेको छ। माघ महिनामा मात्रै एक खर्ब ९८ अर्ब ८ करोड रुपैयाँ रेमिटेन्स भित्रिएको छ।

मुलुकको अर्थतन्त्रमा सबैभन्दा ठुलो योगदान रेमिटेन्सको रहेको नेपाल राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक नरबहादुर थापाले बताए। 'जिडिपीमा रेमिटेन्सको करिब २८ प्रतिशत योगदान छ,' थापाले भने, 'सबैभन्दा धेरै योगदान गर्नेमा रेमिटेन्स हो।'

विप्रेषणले जिडिपीमा कृषि क्षेत्रको भन्दा धेरै योगदान गरेको उनले बताए। 'कृषिभन्दा बढी आम्दानी रेमिटेन्सबाट हुन्छ,' उनले भने, 'रेमिटेन्स तलमाथि परे मुलुकको अर्थतन्त्रमा ठुलो असर पर्छ।'

अर्थतन्त्रमा विदेशी मुद्रा आपूर्ति बढाउने, आयात भुक्तानी गर्ने र बैंकिङ प्रणालीमा तरलता कायम राख्ने प्रमुख स्रोतका रूपमा रेमिटेन्सले सघाएको छ। विदेशमा काम गरिरहेका लाखौं नेपालीले पठाउने रकमले देशभित्र उपभोग र आर्थिक गतिविधि चलायमान बनाएको छ। रेमिटेन्सकै कारण बजारमा पैसा प्रवाह बढ्दा व्यापार, सेवा, घरजग्गा र उपभोग क्षेत्रमा माग कायम रहेको देखिन्छ। यसले अप्रत्यक्ष रूपमा राजस्वमा समेत सहयोग पुगेको छ।

चालु आवको माघसम्म वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति लिने नेपालीको संख्या दुई लाख ४५ हजार १५३ पुगेको छ भने पुनः श्रम स्वीकृति लिनेको संख्या दुई लाख २७ हजार ४२४ छ। अघिल्लो वर्ष सोही अवधिमा नयाँ श्रम स्वीकृति लिनेको संख्या दुई लाख ७४ हजार ६२२ र पुनः श्रम स्वीकृति लिनेको संख्या एक लाख ९० हजार ८८६ थियो। विदेशमा गएका युवाले रेमिटेन्स पठाएका हुन्।

रेमिटेन्स आप्रवाहमा भएको उल्लेख्य वृद्धिले विदेशी मुद्रा सञ्चिति, शोधनान्तर स्थिति र समग्र अर्थतन्त्रलाई मजबुत बनाउन महत्त्वपूर्ण योगदान दिएको छ। अहिले राजस्व संकलन कमजोर बन्दै गएको अवस्थामा रेमिटेन्स अर्थतन्त्रको झन् महत्त्वपूर्ण सहारा बनेको छ। सरकारी खर्च बढ्दो भए पनि राजस्व अपेक्षाअनुसार संकलन हुन नसक्दा बजेट व्यवस्थापनमा दबाब बढिरहेको छ। यस्तो अवस्थामा विदेशबाट आउने रेमिटेन्सले विदेशी मुद्रा सञ्चिति मजबुत राख्नुका साथै अर्थतन्त्रमा न्यूनतम स्थिरता कायम गर्न सहयोग पुगेको छ।

रेमिटेन्सको प्रवाह अचानक घट्ने वा बन्द हुने अवस्था आयो भने नेपालको अर्थतन्त्रमा गम्भीर असर पर्नेछ। विदेशी मुद्रा सञ्चिति घट्ने, आयात भुक्तानीमा समस्या आउने, बैंकिङ प्रणालीमा तरलता अभाव हुने र बजारमा माग घट्ने जोखिम हुन्छ। रेमिटेन्सको निर्भरता घटाउँदै उत्पादन, उद्योग र रोजगारी सिर्जनामा जोड दिनुपर्ने अर्थविद् बताउँछन्।

रेमिटेन्ससँगै मुलुकको अर्थतन्त्रका बाह्य सूचक सकरात्मक छन्। विदेशी विनिमय सञ्चिति पनि धेरै बढेको छ। विदेशी मुद्रा सञ्चिति हालको आयातको आधारमा करिब २१ महिनाको वस्तु आयात धान्न पर्याप्त छ।माघ मसान्तसम्म बैंकिङ क्षेत्रसँग रहेको विदेशी मुद्रा सञ्चिति २१.३ महिनाको वस्तु आयात तथा १८ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त छ। कुल विदेशी विनिमय सञ्चिति २३.१ प्रतिशतले वृद्धि भई माघ मसान्तसम्म ३३ अर्ब दुई खर्ब ६६ करोड रुपैयाँ पुगेको छ।

> “विदेशी मुद्रा सञ्चिति हालको आयातको आधारमा करिब २१ महिनाको वस्तु आयात धान्न पर्याप्त छ। माघ मसान्तसम्म बैंकिङ क्षेत्रसँग रहेको विदेशी मुद्रा सञ्चिति २१.३ महिनाको वस्तु आयात तथा १८ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त छ।

अघिल्लो आर्थिक वर्षको असार मसान्तमा यस्तो सञ्चिति २६ खर्ब ८२ अर्ब ७९ करोड रुपैयाँ थियो। अमेरिकी डलरमा विदेशी मुद्रा सञ्चिति १६.७ प्रतिशतले बढेको छ। असार मसान्तमा १९ अर्ब ५० करोड डलर रहेको सञ्चिति माघ मसान्तसम्म बढेर २२ अर्ब ७६ करोड डलर पुगेको हो।

विदेशी मुद्रा सञ्चितिमा भएको वृद्धिलाई अर्थतन्त्रमा सकारात्मक संकेतका रूपमा हेरिएको छ। पछिल्लो समय विप्रेषण आप्रवाहमा भएको वृद्धि, पर्यटन आयमा सुधार तथा आयातमा भएको सापेक्ष नियन्त्रणका कारण विदेशी मुद्रा सञ्चिति मजबुत बन्दै गएको हो। विदेशी मुद्रा सञ्चिति पर्याप्त हुँदा अन्तर्राष्ट्रिय व्यापार व्यवस्थापन, आयात भुक्तानी र बाह्य क्षेत्रको स्थायित्व कायम राख्न सहज हुन्छ।

यसैगरी चालु खाता र शोधनान्तर स्थिति दुवै बचतमा छन्। समीक्षा अवधिमा चालु खाता ९३ अर्ब ७८ करोड रुपैयाँले बचतमा छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा चालु खाता १८४ अर्ब १४ करोड रुपैयाँले बचतमा थियो। समीक्षा अवधिमा खुद पुँजीगत ट्रान्सफर ११ अर्ब ४३ करोड रुपैयाँ पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो ट्रान्सफर ५ अर्ब ८३ करोड रुपैयाँ थियो।

शोधनान्तर स्थिति पनि उल्लेख्य रूपमा बचतमा छ। समीक्षा अवधिमा शोधनान्तर स्थिति पाँच खर्ब ७२ अर्ब ७३ करोड रुपैयाँले बचतमा छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो स्थिति दुई खर्ब ८४ अर्ब ४१ करोड रुपैयाँले बचतमा थियो। चालु खाता र शोधनान्तर स्थिति बचतमा रहँदा देशको विदेशी मुद्रा सञ्चिति बलियो हुन्छ। यसले अन्तर्राष्ट्रिय व्यापार व्यवस्थापनमा सहजता आउँछ।

त्यसैगरी वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ३.२५ प्रतिशत छ। अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति ४.१६ प्रतिशत थियो। समीक्षा महिनामा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति २.५० प्रतिशत र गैरखाद्य तथा सेवा समूहको मुद्रास्फीति ३.६६ प्रतिशत छ। अघिल्लो वर्षको सोही अवधिमा यी समूहहरूको मुद्रास्फीति क्रमशः ४.९५ प्रतिशत र ३.७४ प्रतिशत थियो।

## अनुसन्धानमा...

पोलिग्राफ (झुट बोलेको पत्ता लगाउने मसिन) गर्ने टोलीले पनि अनुसन्धान थालेको छ। प्रहरीका अनुसार घटनाको विस्तृत अनुसन्धानपछि मात्रै अन्य तीन बालकको संलग्ना भए/नभएको पुष्टि हुनेछ। बलात्कारपछि छोरीको हत्या भएपछि इनिशाका बुबा घर आइपुगेका छन्। रोजगारीको सिलसिलामा दुबईमा रहेका इन्द्रबहादुर विक छोरीको हत्या भएको खबर पाएपछि घर आइपुगेका हुन्। नेपाली सेनाबाट अवकास प्राप्त उनी दुबईमा विगत केही वर्षयता रोजगारी गर्दै आएका थिए। परिवार स्रोतका अनुसार उनी बिदा सकेर केही महिनाअघि मात्रै दुबई फर्किएका थिए।

उनले छोरीको योजनाबद्ध रूपमा हत्या भएको दाबी गर्दै न्याय नपाएसम्म शव नबुझ्ने बताए। घटनास्थलमा पुगेका उनले भने, 'पार्कबाट घना जंगलतिर लगेर विभिन्न सामान देखाएर फकाई मेरो छोरीको हत्या गरिएको देखिन्छ। मेरो छोरीले न्याय नपाएसम्म म शव बुझ्दिनँ।'

## विश्व

# तेल संकटका कारण पाकिस्तानमा विद्यालय बन्द, अधिकांश काम अनलाइनबाट



**तेहरान, २८ फागुन ।**
इरानमाथि संयुक्त राज्य अमेरिका-इजरायलले आक्रमण गरेपछि सुरु भएको द्वन्द्वबाट सम्पूर्ण मध्यपूर्व प्रभावित हुँदा तेल र ग्यास आपूर्तिमा अवरोध आएपछि पाकिस्तान पनि प्रभावित बनेको छ। यसको असर कम गर्न सरकारले सोमबारदेखि आपत्कालीन खर्च कटौती तथा इन्धन बचाउने कदम अपनाएको छ।

पाकिस्तानका प्रधानमन्त्री सेहबाज सरिफले सोमबार राति राष्ट्रको नाममा गरेको टेलिभिजन सम्बोधनमा उक्त कदमको घोषणा गरिएको थियो। खाडी देशले उत्पादन भएर बाहिरिने साँघुरो जलमार्ग 'स्ट्रेट अफ होर्मुज'मा अवरोध आउँदा पाकिस्तानको अर्थतन्त्रलाई प्रत्यक्ष असर गरेको सरिफले बताए।

'सम्पूर्ण क्षेत्र हाल युद्धको अवस्थामा छ, हामी अछुतो रहन सक्दैनौं,' सरिफले सम्बोधनमा भने। पाकिस्तान सरकारले इन्धन बचाउन सरकारी कर्मचारीको काम गने अवधि हप्तामा चार दिनमा झारेको छ। त्यस्तै मार्च १६ देखि महिनाको अन्त्यसम्म सम्पूर्ण विद्यालय बन्द गरिएको छ। तथापि, यस अवधिका लागि पूर्वनिर्धारित परीक्षा भने सञ्चालन गर्न प्रधानमन्त्रीले आग्रह गरेका छन्।

त्यस्तै, विश्वविद्यालयलाई अनलाइन कक्षा सञ्चालन गर्न निर्देशन दिइएको छ। हप्ताको चार दिन पनि ५० प्रतिशत सरकारी कर्मचारीले घरबाटै काम गर्ने साथै बैंकिङ क्षेत्रमा पनि यही व्यवस्था सिफारिस गरेको सरिफले बताए।

खर्च कटौतीका उपायअन्तर्गत संघीय र प्रान्तीय मन्त्रिपरिषद्का सदस्यले आगामी दुई महिनाको तलब र भत्ता त्याग्ने विषय पनि समावेश छ। संघीय र प्रान्तीय व्यवस्थापिकाका सदस्यको तलबमा पनि यस अवधिमा २५ प्रतिशत कटौती गरिने बताइएको छ। उच्चपदस्थ सरकारी पदाधिकारीका अत्यावश्यकबाहेकको विदेश भ्रमण रद्द गरिएको छ भने भ्रमण पनि सस्तो 'इकोनोमी क्लास'मा मात्र विदेश भ्रमण गर्न पाइनेछ।

त्यस्तै, संघीय र प्रान्तीय सरकारका सबै बैठक अब अनलाइन सञ्चालन गर्नुपने छ भने सरकारी कार्यालयको इन्धन भत्ता पनि घटाइएको छ। त्यस्तै, सरकारले मानिसलाई सामाजिक जमघट सकेसम्म रोक्न आह्वान गर्दै सरकारले विवाह र पार्टीमा २०० भन्दा बढी पाहुना नथप्न भनिएको छ।

पाकिस्तानले आफ्नो तेल आवश्यकताको ८० प्रतिशतभन्दा बढीको आयात गर्छ। जुलाई २०२५ र फेब्रुअरी २०२६ को बिचको अवधिमा यसको तेल आयात कुल १०.७१ अर्ब डलर थियो। मध्यपूर्वको संकटपछि उत्पन्न ऊर्जा संकटपछि पाकिस्तानमा इतिहासकै सबैभन्दा ठुलो इन्धन मूल्यवृद्धि भएको छ।

मंगलबार पेट्रोलको मूल्य एकैपटक ५५ पाकिस्तानी रुपैयाँले बढ्यो। तलब कटौतीजस्ता उपायले मुख्यतया सार्वजनिक वित्तलाई असर गर्ने र राष्ट्रिय इन्धन प्रयोग घटाउने प्रधनमन्त्री सरिफले बताए।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** – शुभचिन्तकहरूले साथ दिनेछन् भने भविष्यका लागि कर्मसञ्चय गर्ने समय छ। सामाजिक कामले नाम, दाम र इनाम दिलाउनेछ।

**वृष** – परिस्थितिवश काममा अलमल हुनेछ। लाभांश बाहिरिनाले समस्या पर्नेछ। सामान्य काममा धन र श्रम खर्चनुपर्ला। कामको चाप बढ्नेछ।

**मिथुन** – काममा साथ दिनेहरू प्रशस्तै भेटिनेछन्। परिवारजनको साथले थप उत्साह जगाउनेछ। विभिन्न सहयोग र उपहार प्राप्त हुनेछन्

**कर्कट** – रोकिएका काम पुनः प्रारम्भ गर्न सकिनेछ। द्वेष तथा ईर्ष्या गर्नेहरूले हार खानेछन्। प्रतिस्पर्धामा विजय प्राप्त हुनेछ। चुनौती चिर्दै काम बनाउन सकिनेछ।

**सिंह** – महिनेत गर्दा विशेष अवसर प्राप्त हुनेछ। लक्ष्यअनुसार समयमै काम सम्पादन हुनेछ। अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ।

**कन्या** – काममा धेरै लाभ उठाउन नसकिए पनि समस्या सुल्झनेछन्। पहिलेका कमजोरीमा सुधार ल्याउन सकिनेछ। भूमि तथा पशुधनबाट लाभ मिल्नेछ।

**तुला** – परिश्रम परे पनि समय निकै फलदायी रहनेछ। सहयोगीहरूले राम्रो साथ दिनेछन्। रोकिएका काम बन्ने र नयाँ काम सुरु गर्ने समय छ।

**वृश्चिक** – काममा राम्रो सुरुवात हुनेछ तर अन्त्यमा सोचेजस्तो नतिजा नआउन सक्छ। धेरै बोल्दा गोपनीयता बाहिरिन सक्छ। केही अवसर प्राप्त हुनेछन्।

**धनु** – पहिलेको सफलताले थप हौसला जगाउनेछ। नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन्। आँटले काम बन्नुका साथै मनग्य धन आर्जन हुनेछ।

**मकर** – सिद्धान्तमा मतभेद भए पनि सहयोगीहरूले राम्रो साथ दिनेछन्। प्रयत्न गर्दा राम्रै अवसर जुट्नेछ। साथीभाइले राम्रै सहयोग जुटाउनेछन्।

**कुम्भ** – नयाँ काम प्रारम्भ हुनेछ। गरेको कामले राम्रै लाभ दिलाउनेछ। साझेदारीमा पनि राम्रो फाइदा हुनेछ। आयआर्जनका स्रोत बढ्नेछन्।

**मीन** – विभिन्न अवसर प्राप्त हुनुका साथै कीर्तिमानी काम गर्ने समय छ। व्यापारमा पनि प्रशस्त फाइदा हुनेछ। शुभचिन्तकहरूको सहयोग जुट्न सक्छ।

# कालोसूचीमा पर्नेको सङ्ख्या छोटो बनाउनेतर्फ काम भइरहेको छ : गर्भनर

**युग संवाददाता**
**वीरगञ्ज, २८ फागुन ।**

नेपाल राष्ट्र बैंकका गर्भनर डा विश्वनाथ पौडेलले राष्ट्र बैंकले वित्तीय कारोबार गर्दा कालोसूचीमा पर्ने प्रावधानको विषयमा अध्ययन गरिरहेको बताएका छन् । बिहिबार यहाँ आयोजित एक कार्यक्रममा बोल्दै गर्भनर पौडेलले कालोसूचीमा राख्ने प्रावधानको विषयमा आफूले गम्भीरतापूर्वक अध्ययन गरिरहेको बताए ।

"चेक ब्याउन्स हुने वित्तिकै कालोसूचीमा राख्ने विषयमा पनि हामीले अध्ययन गरिरहेका छौँ," उनले भने,"कालोसूचीमा पर्नेहरुको सूची छोटो कसरी बनाउने विषयमा लागिरहेका छौँ । चेक बाउन्स र बैंक तथा वित्तीय संस्थाबाट ऋण लिएका धेरै मान्छे कालोसूचीमा पर्ने गरेको देखिएको छ," उनले भने, " कालोसूचीमा राख्नुपर्ने कति हुन । कालोसूचीमा नराख्नुपर्ने कति हुन भन्ने विषयमा हामीले हेरिराखेका छौँ ।

त्यसको बारेमा मैले विस्तृत रुपमा हेरिरहेको छु ।" गर्भनर पौडेलले धेरै कडाइ गरेर वा थुनेर मात्रै व्यापार/व्यवसाय मात्रै नभएर मुलुक पनि नचल्ने पनि बताए । " व्यवसाय भनेको कलेज पढाएर मात्रै पुग्ने रैन्छ । त्यो व्यापार हुनका लागि विभिन्न खालका हन्डर र ठक्कर खाएपछि मात्रै व्यवस्थित ढङ्गले अघि बढ्ने हुँदा पनि त्यसलाई व्यवस्थित गराउनेतर्फ अग्रसर हुन जरुरी छ," उनले भने, "व्यवसायीलाई गाली गरेर मात्रै मुलुकको विकास नहुनेतर्फ पनि ध्यान दिन जरुरी छ । त्यसैले व्यवसायीलाई प्रवर्द्धन गरेर अघि बढाउन जरुरी छ ।" गर्भनर पौडेलले व्यवसाय गर्न खोज्नेले एक पटक गल्ती गर्दैमा दुःख दिन नहुने बताए ।

फरक प्रसङ्गमा गभर्नर पौडेलले डिजिटल प्रविधिमा आधारित सूचना प्रविधि उद्योगलाई प्रोत्साहन गर्ने नीति अङ्गिकार गर्दै आइरहेको बताएका छन् । उनले भविष्यमा ठूलो सम्भावना बोकेको क्षेत्र भएकाले पनि सूचना प्रविधि क्षेत्रलाई प्रथामिकतामा राख्दै आइरहेको बताए ।

"भाविष्यमा पनि सूचना प्रविधि उद्योगहरु धेरै वृद्धि हुन्छ भन्ने अपेक्षा राखेका छौँ," उनले भने,"हामीले बैंक तथा वित्तीय संस्थालाई पनि डिजिटलाइजेसनतर्फ अघि बढ्नका लागि अनुरोध गर्दै आइरहेका छौँ ।" गर्भनर पौडेलले विगतमा वीरगञ्जमा फोटो स्टुडियो र गाडीको वर्क्सप तथा ग्यारेज सेन्टरहरु पर्याप्त भए पनि अहिले तिनीहरु क्रमशः कम हुँदै गइरहेको पनि बताए ।

# बढ्न थाल्यो सहरी क्षेत्रमा तापक्रम

**युग संवाददाता**
**काठमाडौँ, २८ फागुन ।**

देशका विभिन्न सहरमा यही फागुन २६ देखि २८ गतेसम्म अधिकांश स्थानमा अधिकतम तापक्रम क्रमशः बढ्दै गएको देखिन्छ । जल तथा मौसम विज्ञान विभागको तथ्याङ्कलाई हेर्दा स्थानमा सामान्य उतारचढाव मात्रै देखिएको छ ।

विभागले सार्वजनिक गरेको विवरणअनुसार तराई तथा मधेसका धेरैजसो सहरमा तापक्रम क्रमशः बढ्दै गएको छ । राजधानीमा फागुन २६ गते अधिकतम तापक्रम २०-२२ डिग्री सेल्सियस रहेकोमा शनिबार बढेर २४ डिग्री पुगेको थियो । विहिबार मध्यान्हसम्म भने २५.४ डिग्री सेल्सियस पुगेको छ । आज रातिको न्यूनतम तापक्रम भने १५-१७ डिग्रीकै हाराहारीमा रहने अनुमान गरिएको छ ।

## वीरेन्द्रनगर नगरपालिका
## नगर कार्यापालिका कार्यालय सुर्खेतको
## संधियारका नाउमा जारी ७ दिने सूचना

सुर्खेत वीरेन्द्रनगर नगरपालिका-२ बस्ने ढकनबहादुर खड्काले यस वीरेन्द्रनगर नगरपालिका वडा नं. २ साविक बयलकाँडा ४ ख कित्ता नं. ५९५६, क्षेत्रफल १०२ बर्गमिटरमा घर निमार्णका लागि नक्सा पास गरिदिन यस नगरपालिका कार्यालयमा निवेदन दिए बमोजिम/सर्जमिन मुचुल्काका लागि लगत बुझ्न जाँदा संधियार उपस्थित नभएको र हुन नसक्ने स्थिति भएको भन्ने बुझिएकाले तल उल्लेखित भए अनुसार कित्ता नं. का जग्गाधनीहरुको साध सिमानामा निजको घर बनाउँदा कोही कोही कसैलाई मर्कापर्ने भए आफूलाई मर्का परेको सबै विवरण खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस कार्यालय/संयुक्त वडा कार्यालयमा उजूर बाजुर गर्न हुन यो सूचना प्रकाशित गरिएको छ । म्याद भित्र पर्न नआएका उजूरीप्रति कुनै कारवाही गरिने छैन् ।

**तपसिल**

**पूर्व जग्गाधानी** : हरिचन्द्र न्यौपाने (कि.नं. ६०३९) **पश्चिम जग्गाधनी** : विष्णु बिष्ट (कि.नं. ५८२७)
**उत्तर जग्गाधनी** : बाटो **दक्षिण जग्गाधनी** : रेखा खड्का (कि.नं. ६०४०)

## राप्ती सोनारी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**अगैया, बाँके**
**लुम्बिनी प्रदेश, नेपाल**

## ढुंगा लिलाम सम्बन्धी सूचना

**सूचना प्रकासित मिति :२०८२/०११/२९**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा 'घ' को (६), यस गाउँपालिकाको आर्थिक ऐन, २०८० र गाउँ कार्यपालिकाको मिति २०८२/१०/२७ गते बसेको बैठकको निर्णय बमोजिम तपसिलमा उल्लेखित गाउँपालिकाको अधिकार क्षेत्रभित्र रहेका मुगुवा खोलाको बिभिन्न स्थानमा जम्मा गरेर राखेको ढुंगा यस गाउँपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्म नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यी सूचना प्रकाशन गरिएकोछ ।

**तपसिल**

| सि. नं. | सूचना नं. बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन् परिणाम (घन फिट) | न्यूनतम बोलपत्र रकम (अ.आय कर, मू.अ. कर र सडक मर्मत/वातावरण शुल्क बाहेक) | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|
| १ | 4/RSRM/ 2082-83 | ढुंगा लिलाम राप्तीसोनारी, ०२ बाँके (मुगुवा खोला) | ५५३९२३.५६ | रु. ४४३१३८८.४८ /- | रु. ३००० /- |

**शर्तहरु:**

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८१/०८२ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बोलपत्र फाराम दस्तुर बापत हिमालयन बैंक लिमिटेड शाखा कार्यालय शमशेरगञ्जमा रहेको यस कार्यालयको खाता नं. १२००७५४०५१००१६ मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३१ औं दिनको दिनको १२:०० बजे भित्र विद्युतीय माध्यमबाट बोलपत्र पेश गर्न सकिनेछ । विद्युतीय माध्यमबाट बोलपत्र पेश गर्दा बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np/egp बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ । तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको बैंक खातामा माथि उल्लेखित खाता नं. मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ ।

२. बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आफुले कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको हिमालयन बैंक लिमिटेड शाखा कार्यालय शमशेरगञ्जमा रहेको धरौटी खाता नं. १२००७५४०५१०११३ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा राष्ट्र बैंकबाट इजाजत प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएको बीड बण्ड पेश गर्नु पर्नेछ ।

३. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं. मोबाइल नं. समेत स्पष्ट खुलाइ्ढ फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिन दिनको १२:०० बजे भित्र विद्युतीय माध्यमबाट दर्ता गर्नु पर्नेछ ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन ।

५. रीतपूर्वक पर्न अएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको १२:३० बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निमार्ण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन विदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

६. प्रि-बिड बैठक यो सूचना प्रकाशित मितिले २० औं दिन दिनको १३:०० बजे राप्ती सोनारी गाउँपालिकाको कार्यालयमा हुनेछ । ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ । उक्त दिन बिदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ ।

७. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

८. म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन अएका बोलपत्र स्वीकार गर्न यस कार्यालय वाध्य हुने छैन ।

९. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१०. बोलपत्र स्वीकृत भएमा सो को सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले ७ दिनभित्र मू.अ. कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको सत प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ । साथै बोलपत्र कबोल गर्ने ब्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३% भ्याट र १.५% अग्रिम आय कर रकम समेत आन्तरिक राजश्व कार्यालयमा बुझाई सक्कल भौचर यस कार्यालयम बुझाउनु पर्नेछ ।

११. विशेष गरी ढुंगा, झिक्दा वातावरणीय सन्तुलनमा असर नपर्ने गरी झिक्ने बन्दोवस्त ठेकेदार स्वयंले मिलाउनु पर्नेछ ।

१२. वन तथा वन्यजन्तु आरक्ष र राष्ट्रिय निकुञ्ज सम्वन्धी कानूनको पालना गर्नु ठेकेदारको कर्तव्य हुनेछ ।

१३. यस गाउँपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चचालन ऐन, २०७४ सम्बन्धित यस गाउँपालिकाबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिने छ ।

## Gauriganga Municipality
## Office of Municipal Executive

**Chaumala, Kailali**
**Sudurpaschim Pradesh, Nepal**

## Invitation for Sealed Quotations

**Invitation of bids for Various Civil Works under Sealed Quotations at Gauriganga Municipality**
**Second Date of publication: 2026/03/13, Falgun 29th 2082**

1. The Office of Municipal Executive, Gauriganga Municipality, Chaumala, Kailali invites electronic bids from Nepalese eligible bidders for Various Civil Works under Sealed Quotations Bidding procedures.

| S. N | Contract ID | Name of Project | Estimated cost Without Vat, PS and Contingency | Bid Security | Bid Fee | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | GGM/WORKS/ SQ/13/2082/083 | Nagarpalikaa Prawesh Garne Approach Marga Tatha Gol Ghar Nirman kaarya Gauriganga Nagarpalika Chaumala, Kailali | 15,69,364.52/-NRS | 45,000/-NRS | 1000/-NRS | |
| 2 | GGM/WORK/ SQ/14/2082/083 | Judhiya Taal Sanrakshan Tatha Paryatan Prawardan ward no 4 | 13,09,684.44/-NRS | 37,500/-NRS | 1000/-NRS | |

**2.** Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp_on or before 12 HOURS on 2026/03/30, 16th Chaitra 2082. Detail Notice is published in the website of The Municipality.

**Undersecretary**

## गौरीगङ्गा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**चौमाला, कैलाली**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

## विभिन्न तालहरूमा माछा पालन तथा बिक्री वितरण कार्य गर्न ताल ठेक्काका सम्बन्धी सिलवन्दी दरभाउपत्र आव्हानको सूचना

**सूचना प्रकाशन मिति : २०८२/११।२९**

यस नगरपालिका अन्तर्गत रहेका देहायका तालहरुमा माछापालन, बिक्री वितरण कार्य गर्न ५ वर्ष अवधि सम्मका लागि ठेक्का बन्दोबस्त गर्नु पर्ने भएको हुँदा ईच्छुक व्यक्ति,फर्म वा कम्पनीहरुबाट तपसिल बमोजिमको सर्तहरूको अधिनमा रही शिलबन्दी दरभाउपत्र पेश गर्न सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ र गौरीगङ्गा नगरपालिका आन्तरिक आय सङ्कलन ठेक्का कार्यबिधि,२०८० को दफा ३ बमोजिम १५ दिन भित्र शिलबन्दी दरभाउपत्र आह्वान गरीएको छ ।

| क्र. स | दरभाउपत्र नं. | कार्यविवरण | पहिलो वर्षको न्यूनतम ठेक्का रकम (मु.अ.कर बाहेक) | दरभाउपत्र दस्तुर (रू.) | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | GGM/ R05/2082/083 | काठ्माण्डौ तालमा माछापालन तथा बिक्री वितरण गौरीगंगा न.पा १० | रु.१,६५,०००/- | १०००/- | कवोल अंकको ५% प्रतिशत | दोस्रो पटक प्रकाशित |
| 2 | GGM/ R06/2082/083 | हरेरी तालमा माछापालन तथा बिक्री वितरण गौरीगंगा न.पा १० | रु.३०,०००/- | १०००/- | कवोल अंकको ५% प्रतिशत | दोस्रो पटक प्रकाशित |
| 3 | GGM/ R09/2082/083 | चमरैया तालमा माछापालन तथा बिक्री वितरण गौरीगंगा न.पा ११ | रु.९,३०,०००/- | १०००/- | कवोल अंकको ५% प्रतिशत | पहिलो पटक प्रकाशित |

**ठेक्का सम्बन्धी शर्तहरु :**

१. ठेक्का अवधि सम्झौता भएको मितिले ५ वर्षसम्म कायम रहनेछ।

२. यो सम्झौता भएको प्रत्येक दुई बर्षको समाप्ति पश्चात सम्झौता नविकरण गर्दा कबोल अंकमा न्युनतम १०% ले बृद्धि हुनेछ र ठेक्का प्रत्येक वर्ष अनिवार्य रुपमा नबिकरण गर्नु पर्नेछ।सम्झौता गर्दा उक्त आर्थिक बर्षको कबोल अंकको ५०% रकम यस कार्यालयको राजश्व खाता नं 0712050028062002 मा जम्मा गरेको सक्कल भौचर र बाँकी ५०% रकमको लागि १३ महिना समयावधि भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" बर्गको वाणिज्य बैंकबाट जारी भएको बैंक जमानत सम्झौता नविकरण गर्न उपस्थित हुँदाका बखत पेश गर्नु पर्नेछ । साथै बहुबर्षिय ठेक्का भएको हुदा सम्झौता वा नविकरण भएको आर्थिक बर्ष भन्दा थप एक बर्षको कवोल अङ्क बराबरको बैंक जमानत समेत पेश गर्नु पर्ने छ ।

३. कवोल रकम अंक र अक्षरमा स्पष्ट लेखिएको हुनु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

४. प्रचलित ऐन बमोजिम कवोल गरेको रकम एकमुष्ठ अग्रिम रुपमा बुझाएमा ५% प्रतिशत रकम छुट दिन सकिने छ।नियमानुसार लाग्ने मु.अ.करमा छुट दिईने छैन ।

५. दरभाउपत्र फाराम यस कार्यालयको राजश्वशाखा बाट रू.१०००/- तिरी खरीद गर्न सकिने छ।सो रसिद वा यस कार्यालयको नाममा NIC ASIA बैंक चौमाला शाखामा रहेको आन्तरिक राजश्व खाता नं 0712050028062002मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी दरभाउपत्र साथ पेश गर्नु पर्नेछ ।

६. कबोल कर्ता व्यक्ति, फर्म वा कम्पनि नेपाली नागरिक को भए ५% प्रतिशत र गैर नेपाली नागरिक को भए कबोल अंकको १० प्रतिशत रकम धरौटी राख्नुपर्ने छ।धरौटी बापतको रकम यस कार्यलयको नाममा NIC ASIA बैंक चौमाला शाखामा रहेको धरौटी खाता नं.71CA500982524004 मा नगदै जम्मा गरको सक्कल भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंक बाट जारी भएको न्युनतम ७५ दिन सम्म मान्य हुने बिडबण्ड शिलबन्दी दरभाउपत्र साथ संलग्न गर्नुपर्ने छ ।

७. यो सुचना प्रकाशित भएको मितिले १५औ दिनको कार्यालय समय भित्र खरिद गरी १६ औ दिन दिउँसो १२: ०० बजे भित्र यस कार्यालयमा शिलबन्दी दरभाउपत्र दर्ता गरी सक्नु पर्नेछ।प्राप्त दरभाउपत्रहरु सोही दिनको १:०० बजे यस कार्यालयमा दरभाउ पत्रदाताको रोहवरमा खोलिने छ।दरभाउपत्रदाताको उपस्थिति नभएमा पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन ।

८. तालको प्राकृतिक आकृति तथा संरचना बिग्रने/जैविक विविधितामा असर पर्ने गरी वन,वातावरण ऐन तथा नियमहरुको विपरित हुने गरी कुनै कार्य गर्न पाईने छैन ।

९. यस ठेक्कामा कुनै विवाद उत्पन्न भएमा कार्यालयको निर्णय अन्तिम र सूचनामा उल्लेख नभएका विषयहरू प्रचलित नेपाल कानुन र गौरीगंगा नगरपालिकाको आन्तरिक आय ठेक्का बन्दोबस्ती ऐन बमोजिम हुनेछ ।

**वोलपत्रका साथ संलग्न गर्नुपर्ने कागजातहरु:**

१. नागरिकताको प्रतिलिपि
२. फर्म दर्ता तथा नवीकरण
३. पान नं तथा भ्याटमा दर्ता
४. कर चुक्ताको कागजात

**प्रमुख प्रशासकीय अधिकृत**

# चौकुने गाउँपालिकाको १९ औँ गाउँसभा सकियो

**युग संवाददाता**
**सुर्खेत, २८ फाल्गुन ।**

सुर्खेत जिल्लाको चौकुने गाउँपालिकाको १९ औँ गाउँसभा (हिउँदे अधिवेशन) बिहीवार सकिएको छ। गाउँसभामा चौकुने गाउँपालिकाको चालु आर्थिक वर्षको अर्धवार्षिक समीक्षा प्रस्तुत गरिएको थियो। साथै संगठन तथा व्यवस्थापन सर्वेक्षण, अति विपन्न नागरिकको जीवनरक्षा सम्बन्धी व्यवस्था, वेवारिसे शव ओसारपसार व्यवस्थापन तथा एम्बुलेन्स प्रयोगका क्रममा बाटोमै वा अस्पतालमा मृत्यु भएको अवस्थामा सेवा शुल्कमा शतप्रतिशत छुट दिने व्यवस्था सम्बन्धी प्रस्तावहरूमा छलफल गरिएको थियो।

आर्थिक कार्यविधि तथा उत्तरदायित्व सम्बन्धी विधेयक, रकमान्तरण गर्नुपर्ने रकम तथा विभिन्न विकास आयोजनासम्बन्धी विषयहरू पनि सभामा प्रस्तुत भई सर्वसम्मत रूपमा स्वीकृत भएका छन्। सभाको शून्य समयमा सदस्यहरूले विभिन्न विषयमा धारणा र सुझाव राखेका थिए। सदस्य तपेन्द्र वि.सि. ले रेक्चा खानेपानी योजनामा गरिएको डिप सफल नभएकोप्रति दुःख व्यक्त गर्दै वैकल्पिक व्यवस्था गरी नागरिकलाई स्वच्छ पिउने पानी उपलब्ध गराउन पालिकासँग आग्रह गरे। सदस्य कल्पना कामीले गर्भवती तथा सुत्केरी महिलाका लागि निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउने व्यवस्था गर्न माग गरे।

त्यसैगरी सदस्य रतन टमट्टाले विकास क्रमिक प्रक्रिया भएको उल्लेख गर्दै सडक, स्वास्थ्य, शिक्षा र खानेपानी क्षेत्रमा भइरहेको प्रगतिप्रति धन्यवाद व्यक्त गरे। तर सम्पन्न आयोजनाको भुक्तानीमा हुने ढिलाइका कारण उपभोक्ता समितिका पदाधिकारीले समस्या भोग्नुपरेको भन्दै यसतर्फ सुधार गर्न आवश्यक रहेको बताए।

अन्य सदस्यहरूले पनि अपूरा रहेका खानेपानी आयोजना तथा पाइप वितरणलाई निरन्तरता दिनुपर्ने, कार्यकाल सकिन लाग्दा विकास निर्माणका कामको गति तीव्र बनाउनुपर्ने तथा बासपानी-जंगलाघाट सडक असार मसान्तभित्रै सम्पन्न गर्नुपर्ने विषय उठाएका थिए।

सदस्य अर्जुन विकले नयाँ आयोजना सुरु गर्नु भन्दा हाल सञ्चालनमा रहेका योजनालाई प्राथमिकताका साथ सम्पन्न गर्नुपर्नेमा जोड दिए। सदस्य धनिराम धमलाले हालै बलात्कारपछि हत्या भएको आशंका गरिएको किशोरी इनिशा विकको घटनामा गहिरो दुःख व्यक्त गर्दै दोषीमाथि कडा कारबाही गर्नुपर्ने माग राखे। साथै उनले साना योजनाभन्दा पालिका स्तरका रणनीतिक योजनामा बजेट व्यवस्थापन गर्नुपर्ने, विद्युत विस्तार, अधुरा वडा कार्यालय तथा अन्य अधुरा आयोजना छिटो सम्पन्न गर्नुपर्ने र काम नगर्ने निर्माण व्यवसायीलाई कारबाही गर्नुपर्ने सुझाव दिए।

त्यसैगरी सदस्य गोविन्द थापाले कामदारको ज्याला भुक्तानी, घुतघुते खानेपानी, विद्युत विस्तार तथा झ्यालेकाडा खानेपानी आयोजना व्यवस्थापनमा पालिकाले विशेष ध्यान दिनुपर्ने विषय उठाए। सदस्य जिरक बडुवालले पालिका कार्यालयको कम्पाउण्डवाल, घेराबार, कार्यालय सुरक्षा तथा पार्किङ व्यवस्थापन सुधार गर्नुपर्ने आवश्यकता औंल्याए। साथै मदन भण्डारी आयोजना अन्तर्गत बिजौरा-सिमलखेत-लगाम सडक खण्डको काम समयमै सम्पन्न हुने सुनिश्चितताका लागि पालिकाले सहजीकरण गर्नुपर्ने सुझाव दिए।

सभाको अन्त्यमा गाउँपालिका अध्यक्ष खड्क वि.क.ले सभामा उठाइएका प्रश्न तथा सुझावहरूमाथि सम्बोधन गर्दै सबै सदस्यहरूको सक्रिय सहभागिताप्रति धन्यवाद व्यक्त गरे। उनले सभाबाट पारित निर्णयहरू कार्यान्वयन गर्दै गाउँपालिकाको समग्र विकास र सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गरे। गाउँसभाले स्थानीय विकास, सेवा प्रवाह र जनहितका कार्यक्रमलाई थप प्रभावकारी बनाउने लक्ष्यका साथ विभिन्न निर्णयहरू पारित गर्दै अधिवेशन समापन भएको घोषणा गरिएको थियो। गाउँपालिका अध्यक्ष खड्क वि.क.को अध्यक्षतामा सम्पन्न भएको छ। सभामा गाउँपालिका उपाध्यक्ष नरबहादुर बान्तोला, प्रमुख प्रशासकीय अधिकृत पूर्णबहादुर वि.क., वडा नम्बर १ देखि १० सम्मका वडा अध्यक्ष तथा सदस्यहरू, कार्यपालिका सदस्य, कर्मचारी, सुरक्षाकर्मी, सञ्चारकर्मी लगायत सभाका सदस्यहरूको उल्लेख्य सहभागिता रहेको थियो।

# सुदूरपश्चिममा ४१ हजार मत बदर

**युग संवाददाता**
**महेन्द्रनगर, २८ फागुन ।**

यही फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा सुदूरपश्चिम प्रदेशमा ४१ हजार ६२४ मत बदर भएको छ। सुदूरपश्चिम प्रदेश निर्वाचन कार्यालय धनगढीका अनुसार यहाँका १६ वटै निर्वाचन क्षेत्रमा गरी कुल खसेको मतको ४.७१ प्रतिशत मत बदर भएको छ।

प्रदेश निर्वाचन कार्यालय धनगढीका सूचना अधिकारी दिलीप भाटले १७ लाख २९ हजार ४५० मतदाता रहेको सुदूरपश्चिममा आठ लाख ८४ १७७ मत खसेको थियो। जसमा ४१ हजार ६२४ मत बदर भएको छ। पाँचवटा निर्वाचन क्षेत्र रहेको कैलाली क्षेत्र नं १ मा ५९ हजार ३११ मत खसेकामा तीन हजार २५८ मत बदर भएको छ।

त्यसैगरी, कैलाली-२ मा ५६ हजार ९६७ मत खसेकामा दुई हजार ६४६ मत बदर भएको सूचना अधिकारी भाटले बताए। त्यसैगरी, ६० हजार ३३२ मत खसेको कैलाली-३ मा दुई हजार ९१३ मत बदर भएको छ भने कैलाली-४ मा दुई हजार ९०७ मत बदर भएको छ। यहाँ कुल ६३ हजार ११७ मत खसेको थियो। कैलाली-५ मा ६६ हजार २९५ मत खसेकामा दुई हजार ८०७ मत बदर भएको छ।

त्यसैगरी, तीन निर्वाचन क्षेत्र रहेको कञ्चनपुर निर्वाचन क्षेत्र नं १ मा ६१ हजार ३६७ मत खसेकामा तीन हजार २३४ बदर भएको छ भने यहाँको निर्वाचन क्षेत्र नं २ मा तीन हजार ४३० मत बदर भएको छ। यहाँ कुल ६६ हजार ५४ मत खसेको थियो। त्यसैगरी, कञ्चनपुर-३ मा ५८ हजार ५४३ मत खसेकामा तीन हजार ३९९ मत बदर भएको छ।

त्यसैगरी, दुईवटा निर्वाचन क्षेत्र रहेको अछाममा निर्वाचन क्षेत्र नं १ मा एक हजार ११९ मत बदर भएको छ। यहाँ कुल ३२ हजार २४३ मत खसेको थियो भने अछाम-२ मा ३२ हजार ६५० मत खसेकामा एक हजार ५३१ मत बदर भएको छ। एउटा निर्वाचन क्षेत्र रहेको बाजुरामा कुल ४५ हजार ६६९ मत खसेकामा एक हजार २०० मत बदर भएको छ भने डोटीमा ५२ हजार ९०६ मत खसेकामा दुई हजार ४६९ मत बदर भएको प्रदेश निर्वाचन कार्यालय धनगढीले जनाएको छ।

दार्चुलामा एक हजार ६०८ मत बदर भएको छ। यहाँ कुल ५० हजार ९३० मत खसेको थियो भने बैतडीमा ७२ हजार ३०८ मत खसेको थियो। यहाँ चार हजार १२६ मत बदर भएको छ। त्यसैगरी, डडेल्धुरामा २६ हजार २११ मत खसेकामा दुई हजार २५ मत बदर भएको छ।

## Sharada Municipality
## Office Of The Municipal Executive
**Khalanga, Salyan**

### Invitation for Bid

**Date of First Notice Publication: 13-03-2026**

1. The Sharada Municipality, Khalanga, Salyan invites bid from registered bidders for the following.

| Contract ID | Description of works | Estimated Amount (Without VAT) | Bid Document Fee (NRs.) | Bid Security Amount (NRs.) | Bid Validity and Bid Security Validity |
|---|---|---|---|---|---|
| SMO/NCB/ WORKS/ 03/2082/083 | Construction of Health Post Building at Syanikhaal | 41,37,968.59/- | 3,000.00/- | 1,04,000.00/- | 90 Days and 120 Days respectively from the date of Opening. |
| **Bank Details to deposit the fee for Bid Doc. Fee and Bid Security** | | | | | |
| **Name of Office: Sharada Municipality, Salyan<br>Name of Bank: Nepal Bank Limited, Salyan** | | **Revenue Account No. (for Bid Doc.): 07403000001001000001** | **Rajaswa (revenue) Shirshak No : GA 1.1** | **Account No. (for Bid Security): 07403000003000000001** | **Office Code: 801066003** |

2. Electronic Bid must be submitted to the above office through e-GP system i.e www.bopatra.gov.np/egp on or before 13-04-2026 12:00 hours. Bids received after this deadline will be rejected

**Chief Administrative officer**

# सिँचाइ अभावले चैते धानखेती घट्दै

**युग संवाददाता**
**कञ्चनपुर, २८ फागुन ।**

कञ्चनपुरमा चैते धानको खेती गर्ने किसानको सङ्ख्या बर्सेनि घट्दै गएको छ। कृषि ज्ञान केन्द्र कञ्चनपुर र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यालय कञ्चनपुरको तथ्याङ्कअनुसार चैते धान लगाउने किसानको सङ्ख्या हरेक वर्ष घट्दै गएको छ। यहाँ सिँचाइ सुविधा नहुँदा ४०० हेक्टरमा खेती हुने गरेको चैते धान अहिले डेढ सय हेक्टरमा मात्रै हुने गरेको छ।

कृषि ज्ञान केन्द्र कञ्चनपुरका सहायक बाली विकास अधिकृत धर्मबहादुर साउँदले हाल कञ्चनपुरमा १५० हेक्टर क्षेत्रमा खेती हुने गरेको बताए। "हामीले किसानलाई विभिन्न किसिमका कृषि उपकरण र सिँचाइका लागि बोरिङलगायतका सुविधा उपलब्ध गराउने गरेका छौँ," साउँदले भने, "यसका लागि धेरै सिँचाइ आवश्यक हुन्छ, यहाँ सिँचाइ सुविधा उपलब्ध नहुँदा चैते धानखेती घट्दै गएको छ।"

अधिकृत साउँदका अनुसार ज्ञान केन्द्रबाट किसानलाई ५० प्रतिशत अनुदानमा सिँचाइका लागि बोरिङ उपलब्ध गराउँदै आएको भए पनि त्यसले पर्याप्त रूपमा सिँचाइ हुन नसकेको बताउनुभयो। कृषि ज्ञान केन्द्र कञ्चनपुरले चैते धानखेती प्रवर्द्धन कार्यक्रमअन्तर्गत किसानलाई बीउ, मलखाद, सिँचाइ र जोत्ने उपकरण समेत सहयोग गर्दै आएको छ।

**श्री सूर्य प्रकाश मा.वि. पलैंटे, सुर्खेत**

प्रस्तुत विषयमा यस विद्यालयको मिति २०८२/१०/२३ को युगआव्हान पत्रिकामा विद्यालयको ICT खरिद सम्बन्धि सिलवन्दि दरभाउ सम्बन्धि सूचना विशेष कारणवस रद्ध गरिएको व्यहोरा जानकारी गराइन्छ।

**प्र.अ. टिकाराम बाँस्तोला**
**सम्पर्क नं. ९८५८०५३४०१**

**९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर**

**हाम्रा विशेषताहरू**

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफनै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट**
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मोः नं ९८४८०७६८५६ (डी.बी. राना)

**घरायसी सामानहरुका लागि :**

**भवानी अर्डर एण्ड सप्लायर्स**
वीरेन्द्रनगर-६, सुर्खेत,
सम्पर्क नं. ९८४८२१५६००, ९८५८०२२७१८



हामी कहाँ मिक्चर, ग्याँस चुल्हो, राइसकुकर, कराई, कोला बोत्तल, फिल्टर, थर्मस, ईलेक्ट्रिक जग, थर्मस, आइरन, फेन, डिस्पेन्सरका साथै विभिन्न ब्राण्डका एसी.टि.भी. फ्रिज थोक तथा फुटकर मुल्यमा पाईन्छ ।

मिस्त्री गुरुङ्ग दाई
हेमराज बुढा

९८५८०५५६२९
९८५१३२९१६९
९८४९३२१४४२

**भवानी अटो वर्कसप**
वीरेन्द्रनगर-१२, एयरपोर्ट चोक, सुर्खेत

**हाम्रा सेवाहरु**
- गाडीको डेण्ट, पेन्ट, प्लाष्टिक वल्डिङ्ग
- चार पाङ्ग्रे सबै गाडीको इन्जिन मर्मत गर्नुका साथै बोरिङ गरिन्छ ।
- बाटोमा, घरमा गाडी विग्रिए सोही ठाउँमा पुगेर मर्मत गरिन्छ ।
- डिजेल, पेट्रोल र इलेक्ट्रोनिक्स गाडीका पार्टस् पाउनुका साथै अनुभवी, दक्ष मिस्त्रीबाट मर्मत गरिन्छ ।
- गाडी वासिङ (धुलाई) सरसफाई गरिन्छ ।
- सबै खाले गाडी तथा ड्राइभर (चालक) भाडामा चाहिएमा हामीलाई सम्फनुहोस् ।

TOYOTA | BYD | Mahindra | FORCE | ISUZU | FOTON | TATA

Servicing | Repair | Denting | Panting | Washing



**युगआव्हान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
**शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।